बैठक संख्या ०१

आज मिति २०८२ साल वैशाख महिनाको ०५ गते शुक्रवार श्रोत अनुमान तथा बजेट निर्माण समितको बैठक १:०० बजे देखि विगु गाउँपालिकाको अध्यक्ष तथा समिति संयोजक श्री संजिव ओलीको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायअनुसारको निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.स | नामथर | पद | सम्पर्क न | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संजिव ओली | अध्यक्ष, गाउँपालिका | ९८५१००४२९५ | |
| २ | देविका थामी | उपाध्यक्ष, गाउँपालिका | ९८४४३९५६६३ | |
| ३ | मेम बहादुर तमाङ | वडाध्यक्ष, वडा नं १ | ९८४४४६५१४९ | |
| ४ | काले शेर्पा | वडाध्यक्ष, वडा नं ५ | ९८४४२३८४३० | |
| ५ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ९८६४००२६५४ | |
| ६ | टलमाई तमाङ | कार्यपालिका सदस्य | ९८६६४३८१०१ | |
| ७ | रत्न बहादुर थामी | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८४३५५९०३८ | |

संजीव ओली
अध्यक्ष

५२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने व्यवस्था आवधिक योजनाले लिएका लक्ष्यहरु, मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थाहरुलाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने उदेश्यले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम वैठक वसी आव ८२/८३ का लागि निर्णय वमोजिम यो प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनका क्रममा अध्ययन गरिएका ऐन कानुन निर्देशिकाहरु र अन्तरसम्वन्धित क्षेत्रहरु

(क) नेपालको संविधान
(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन सिफारिस
(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
(च) स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
(छ) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
(ज) विगु गाँउपालिकाको मध्यमकालीन खर्च संरचना
(झ) स्रोत साधन
(ञ) विकासका अन्तरसम्बन्धित बिषयहरु
(ट) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि।

**प्रतिवेदन तयारीका क्रममा गरिएका वजेटको योजना तर्जुमाका चरणहरु पूर्व तयारीका क्रममा छलफल गरिएका विषयहरु**

**राजस्व परामर्श समितिको प्रतिवेदन**

**संघ र प्रदेशबाट प्राप्त वजेटको सीमा**

**विषयगत क्षेत्रहरु**

(क) **आर्थिक विकासः** कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र।

(ख) **सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबद्र्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम,थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र।

(ग) **पूर्वाधार विकासः** सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र।

(घ) **वन, वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र।

(ङ) **सुशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट,

संजीव ओली
अध्यक्ष

५०७

सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र

**१. छलफलका विषयहरु**

(क) आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा अन्य आयको प्रक्षेपण गर्ने सम्वन्धमा,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने सम्वन्धमा,

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा वजेटको कुल सीमा निर्धारण गर्ने सम्वन्धमा,

(घ) विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने सम्वन्धमा,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तय गर्ने सम्वन्धमा,

(च) विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने सम्वन्धमा

(छ) स्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने सम्वन्धमा

(ज) गाउँपालिका स्तरका आयोजनाहरुको लागि आवश्यक रकम सम्वन्धमा,

(झ) समपुरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम सम्वन्धमा,

(ञ) सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम सम्वन्धमा,

(ट) दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम सम्वन्धमा,

(ठ) स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाऊँपालिका आफैंले गर्नु पर्ने अन्य अत्यावश्यक वजेटरी कार्यहरु सम्वन्धमा,

(ड) उल्लिखित क्षेत्रलाई विनियोजन गरिसकेपछिको मात्र बाँकी रकम जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लागत, राजस्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्था जस्ता बिषयलाई आधार मानी वडागत खर्चको आवश्यकता र औचित्यताको आधारमा वडागत वजेट सीमा निर्धारण सम्वन्धमा ।

(ढ) वजेट सीमा निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा साँस्कृतिक विविधतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तिकरणको लागि आवश्यक पर्ने रकमको सीमा सम्वन्धमा ।

**२.निर्णयहरु**

(क) गाउँपालिकाको कूल वजेट सीमाबाट तलब भत्ता तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने वजेट छुट्याई अन्य कार्यक्रमको लागि वजेट सीमा निर्धारण गरिएको छ । यसरी प्रशासनिक खर्चको लागि वजेट सीमा निर्धारण गर्दा राजस्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी गरिएको छ ।

(ख) गाऊँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तयार गरिएको छ।

(ग) गाउँपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमाका क्रममा प्राथमिकताका क्षेत्र पहिचान गरि वजेट प्रस्ताव गरिएको छ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने क्षेत्र,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्र,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने क्षेत्र,

संजीव ओली
अध्यक्ष

- ❖ स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने क्षेत्र,
- ❖ स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने क्षेत्र,
- ❖ महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- ❖ लैङ्गिक समानता र सामाजिक समावेशीकरण लक्षित क्षेत्र,
- ❖ दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्ने उदेश्य,
- ❖ भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने उदेश्य,
- ❖ बिगु गाँउपालिकाले आवश्यक देखेका अन्य सामाजिक र आर्थिक बिषयहरु,

**आयोजना प्राथमिकीकरणका आधार**

स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गरिएको छ।

**बस्ती तहका योजना छनौट सम्वन्धमा**

**बस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गरिएको छः**

यस गाँऊपालिका वस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित बर्ग, पिछडा बर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदि) को प्रतिनिधित्व हुनेगरी गरिएकोछ।

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गरिएकोछ ।

(ख) प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराईएकोछ ।

(ग) टोल/बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/बस्ती भित्रका क्रियाशील सामुदायिक सस्थाहरु (टोल विकास सस्था, आमा समुह, वाल क्लव/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराईएकोछ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गरिएकोछ।

**वडातहमा योजनाको छनौट तथा प्राथमिकीकरण**

स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट प्राप्त वजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरुले बस्ती टोलबाट प्राप्त योजनाहरुमध्येबाट वडाको लागि प्राप्त वजेट सीमाको अधीनमा रही योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिएकोछ।

वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको वजेट सीमा भित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ। वडाको वजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउँपालिकास्तरीय महत्वपूर्ण आयोजनाहरु का सम्वन्धमा वडा समितिले गाउँपालिकामा छुट्टै सूची पठाई आएको छ।
श्रोत अनुमान र क्षेत्रगत सीमा अनुसुची अनुरुप अर्को वैठकमा गरिने छ।

संजीव ओली
अध्यक्ष

बैठक संख्या ०२

आज मिति २०८२ साल असार महिनाको ०१ गते आइतबार श्रोत अनुमान तथा बजेट निर्माण समितको बैठक १:०० बजे देखि विगु गाउँपालिकाको अध्यक्ष तथा समिति संयोजक श्री संजिव ओलीको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायअनुसारको निर्णय गरियो ।

उपस्थिति:

| क.स | नामथर | पद | सम्पर्क न | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संजिव ओली | अध्यक्ष, गाउँपालिका | ९८५१००४२९५ | |
| २ | देविका थामी | उपाध्यक्ष, गाउँपालिका | ९८४४३९५६६३ | |
| ३ | मेम बहादुर तमाङ | वडाध्यक्ष, वडा नं १ | ९८४४४६५१४९ | |
| ४ | काले शेर्पा | वडाध्यक्ष, वडा नं ५ | ९८४४२३८४३० | |
| ५ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ९८६४००२६५४ | |
| ६ | टलमाई तमाङ | कार्यपालिका सदस्य | ९८६६४३८१०१ | |
| ७ | रत्न बहादुर थामी | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८४३५५९०३८ | |

संजीव ओली
अध्यक्ष

८०

आर्थिक वर्ष २०८२/८३ को लागि स्रोत अनुमान र बजेट निर्धारण समितिको आय व्यय अनुमान र क्षेत्रगत बजेट  सम्बन्धी बैठक

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा

- आर्थिक वर्ष २०८२/८३ को स्रोत अनुमान र बजेट निर्धारण प्रतिवेदनको प्रारम्भिक छलफलको समीक्षा।
- अघिल्लो बैठकमा भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको जानकारी र आवश्यक सुधारका लागि छलफल।

२. आयको स्रोत अनुमानको अन्तिम समीक्षा

- अनुसूची २ मा उल्लेखित आय अनुमान (कुल आय: रु. ६५१,५३०,९७५.२१) को विस्तृत समीक्षा।
    - आन्तरिक स्रोत: रु. २७,४२०,९१३.९१ (सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क आदि)।
    - राजस्व बाँडफाँड: रु. २०४,२१९,०६१.३० (मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, सवारी साधन कर आदि)।
    - अन्तर सरकारी वित्तीय हस्तान्तरण: रु. ४१९,८९१,००० (संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान)।
    - अन्य आय: रु. २,०००,००० (बेरुजु आदि)।

- कुल व्यय: रु. ६५१,५३०,९७५.२१ को क्षेत्रगत विनियोजनको समीक्षा।
    - आर्थिक विकास: रु. ३३,१८५,००० (कृषि, पशुपन्छी, सिँचाइ)।
    - सामाजिक विकास: रु. २५८,७८२,००० (शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक समावेशीकरण)।
    - पूर्वाधार विकास: रु. २१९,३४०,७६९.२१ (सडक, भवन, ऊर्जा, पुनर्निर्माण)।
    - सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र: रु. २३,७८५,००० (विपद् व्यवस्थापन, रोजगारी, तथ्यांक)।
    - कार्यालय सञ्चालन तथा प्रशासनिक: रु. ११६,४३८,२०६।

सजीव ओली
अध्यक्ष

आर्थिक वर्ष २०८२/८३ को लागि स्रोत अनुमान र बजेट निर्धारण समितिको .....बैठकको एजेन्डा

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा

- आर्थिक वर्ष २०८२/८३ को स्रोत अनुमान र बजेट निर्धारण प्रतिवेदनको प्रारम्भिक छलफलको समीक्षा।
- अघिल्लो बैठकमा भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको जानकारी र आवश्यक सुधारका लागि छलफल।

२. आयको स्रोत अनुमानको अन्तिम समीक्षा

- अनुसूची २ मा उल्लेखित आय अनुमान (कुल आयः रु. ६५१,५३०,९७५.२१) को विस्तृत समीक्षा।
  - आन्तरिक स्रोतः रु. २७,४२०,९१३.९१ (सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क आदि)।
  - राजस्व बाँडफाँडः रु. २०४,२१९,०६१.३० (मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, सवारी साधन कर आदि)।
  - अन्तर सरकारी वित्तीय हस्तान्तरणः रु. ४१९,८९१,००० (संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान)।
  - अन्य आयः रु. २,०००,००० (बेरुजु आदि)।

- कुल व्ययः रु. ६५१,५३०,९७५.२१ को क्षेत्रगत विनियोजनको समीक्षा।
  - आर्थिक विकासः रु. ३३,१८५,००० (कृषि, पशुपन्छी, सिँचाइ)।
  - सामाजिक विकासः रु. २५८,७८२,००० (शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक समावेशीकरण)।
  - पूर्वाधार विकासः रु. २१९,३४०,७६९.२१ (सडक, भवन, ऊर्जा, पुनर्निर्माण)।
  - सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः रु. २३,७८५,००० (विपद् व्यवस्थापन, रोजगारी, तथ्यांक)।
  - कार्यालय सञ्चालन तथा प्रशासनिकः रु. ११६,४३८,२०६।

संजीव ओली
अध्यक्ष

अनुसूची २

विगु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय दोलखा

कार्यालयको कोड : ८०३२३५०५३००

राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व. : २०८२/८३

| शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को अनुमान |
|---|---|---|---|
| आय | ५०६,२११,८०६.६५ | ६४०,२६५,१७६.०० | ६४३,४५०,९०५.२१ |
| राजस्व | १६१,०९८,२२३.६५ | २५३,२२५,१७६.०० | २३१,६३९,९०५.२१ |
| आन्तरिक श्रोत | ६,८७६,५५२.९८ | ५१,६१३,७७६.०० | २३,४२०,९६३.९१ |
| ११३१३ सम्पती कर | ५०,५३८.३२ | - | ६५,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | १३९,४२४.०० | ८,०००,०००.०० | - |
| ११३१७ बहाल कर | ५०१,४०२.२५ | - | ६१२,६०३.५० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५,९००.०० | - | ४९१,९४३.६५ |
| ११६९१ अन्य कर | ४,४८६,४०१.६० | २८,६१३,७७६.०० | ६,२९६,८६५.७३ |
| १४१५१ सरकारी सम्पतीको बहालबाट प्राप्त आय | ४५२,८००.०० | - | ५४७,८८८.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | | - | २८३,७०८.९६ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | | - | ४३,०००.०० |
| १४२२१ न्यायिक दस्तुर | | - | १०,०००.०० |
| १४२२४ परीक्षा शुल्क | १४,१००.०० | - | ४५,१००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ११६,०००.०० | - | १८०,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | १९९,९१६.०० | - | ३१५,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | १८९,७१५.८१ | - | २३०,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४०,६००.०० | - | ५०,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४१,२५०.०० | - | ५०,०००.०० |
| १४२४९ अन्य दस्तुर | ४४,७६१.०० | - | ४१०,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | - | २५,०००.०० |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | | - | १०,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | | - | १५०,०००.०० |
| १४६११ व्यवसाय कर | ४९१,२३०.०० | - | ६००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | | १५,०००,०००.०० | १५,०००,०००.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १५४,२२१,६७०.६७ | २०१,६१०,४००.०० | २०६,२१८,९४१.३० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५९,९५६,१८२.३८ | ८०,१९७,४४०.०० | ८३,७४३,७३९.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २७,४८१,१३५.१७ | २९,३०२,५६०.०० | २९,२७२,५१३.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २६,५६७,६५४.३६ | ४५,६१०,४००.०० | ४३,१०२,६८९.३० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १५,५२८.७२ | | |
| १४१५५ बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | | ४५,०००,०००.०० | ५०,०००,०००.०० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ४०,१९५,६६३.६४ | | |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ५,५०६.४० | १,५००,०००.०० | १००,०००.०० |
| अन्य आय | २,५१४.०० | - | २,०००,०००.०० |
| १४५२९ अन्य राजस्व | २,५१४.०० | | |
| १५१११ बेरूजू | | - | २,०००,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३४५,११३,५८३.०० | ३८७,०४०,०००.०० | ४११,८११,०००.०० |
| संघीय सरकार | ३०९,०९१,५८३.०० | ३२३,१६७,०००.०० | ३५५,३००,०००.०० |
| १३३११ समानिकरण अनुदान | ९९,९७५,०००.०० | १०८,५००,०००.०० | १२२,७००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १९८,४७०,०००.०० | २०१,१६७,०००.०० | २१०,०००,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,८००,०००.०० | १,०००,०००.०० | ५,६००,०००.०० |
| १३३१५ बिषेश अनुदान पुँजीगत | ३,९५९,८४३.०० | १२,५००,०००.०० | ८,५००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,८८६,७४०.०० | - | ८,५००,०००.०० |
| प्रदेश सरकार | ३६,०२२,०००.०० | ६३,८७३,०००.०० | ५६,५११,०००.०० |
| १३३११ समानिकरण अनुदान | ११,२०४,०००.०० | ११,०५३,०००.०० | ११,७११,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २०,३१८,०००.०० | ३२,८२०,०००.०० | १५,७८०,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४,५००,०००.०० | - | ५,०००,०००.०० |
| १३३१४ बिषेश अनुदान चालु | | - | ६,५००,०००.०० |

[illegible] गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय [illegible]

कार्यालयको कोड : ८०३२३५०५३००

क्षेत्रगत व्यय अनुमान

आ.व. : २०८२/८३

| क्र.सं. | संकेत | शीर्षक | विनियोजन | Remarks |
|---|---|---|---|---|
| १ | २ | आर्थिक विकास | ३३,१८५,०००.०० | |
| १ | २०१ | कृषि | १६,५५५,०००.०० | |
| २ | २०६ | जलस्रोत तथा सिंचाई | १३,२००,०००.०० | |
| ३ | २०८ | पशुपन्छी विकास | ३,४३०,०००.०० | |
| २ | ७ | सामाजिक विकास | २५८,७८२,०००.०० | |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | ११,०७५,०००.०० | |
| २ | ७०३ | युवा तथा खेलकुद | ७,२५०,०००.०० | |
| ३ | ७०४ | खानेपानी तथा सरसफाई | २०,४८५,०००.०० | |
| ४ | ७०५ | भाषा तथा संस्कृति | ४,३००,०००.०० | |
| ५ | ७०६ | शिक्षा | १५१,५२७,०००.०० | |
| ६ | ७०७ | स्वास्थ्य | ५८,०७३,०००.०० | |
| ७ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ६,०७२,०००.०० | |
| ३ | ३ | पूर्वाधार विकास | २१९,३४०,७६९.२१ | |
| १ | ३०१ | यातायात पूर्वाधार | ११०,४२५,९७०.०० | |
| २ | ३०२ | भवन आवास तथा सहरी विकास | ५४,१३३,०००.०० | |
| ३ | ३०३ | उर्जा | १,०००,०००.०० | |
| ४ | ३०४ | संचार तथा सुचना प्रविधि | १,०००,०००.०० | |
| ५ | ३०५ | विज्ञान तथा प्रविधि | ६,०००,०००.०० | |
| ६ | ३०६ | पुनर्निर्माण | ४३,९८१,७९९.२१ | |
| ७ | ३०७ | सम्पदा पूर्वाधार | २,८००,०००.०० | |
| ४ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २३,७८५,०००.०० | |
| १ | ४०१ | शासन प्रणाली | १,५००,०००.०० | |
| २ | ४०३ | प्रशासकीय सुशासन | ५००,०००.०० | |
| ३ | ४०४ | वित्तीय सुशासन | ५००,०००.०० | |
| ४ | ४०५ | कानुन तथा न्याय | ५००,०००.०० | |
| ५ | ४०९ | श्रम तथा रोजगारी | ८,३२०,०००.०० | |
| ६ | ४१० | गरिबी निवारण | ५,२००,०००.०० | |
| ७ | ४१३ | अनुगमन तथा मूल्यांकन | १,१५०,०००.०० | |
| ८ | ४१४ | तथ्यांक प्रणाली | १,५६५,०००.०० | |
| ९ | ४१६ | मानव संशाधन विकास | ५००,०००.०० | |
| १० | ४१७ | विपद व्यवस्थापन | ४,५५०,०००.०० | |
| ५ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११६,४३८,२०६.०० | |
| १ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११६,४३८,२०६.०० | |
| | | कुल जम्मा | ६५१,५३०,९७५.२१ | |

संजीव ओली
अध्यक्ष